परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ४१ २०७९ जेष्ठ १५ गते आईतवार Sunday 29, MAY 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## घर गृहस्थी, चुल्हाचौका, सानो किराना पसल व्यवसायी हुँदै कटहरी गाउँपालिकाको उपाध्यक्ष सम्मको यात्रा

विराटनगर । घर गृहस्थी, चुल्हाचौका, साना किराना पसलको व्यवसाय गर्दै आएकी दुई सन्तानकी आमा सीता देवी राजवंशी कटहरी गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित भएपछि उनी महिला माथि हुने विभेद र हिन्साको अन्त गर्ने वताएकी छिन् ।

२०३१ सालमा मोरंगको तत्कालिन ववियाविर्ता गाउँ विकास समितिको वविया टोलमा जन्मिएकी सिता देवी राजवंशीको १४ वर्षकै उमेरमा हालको कटहरी गाउँपालिका वडा नं. ३ विसनपुर टोलको रामनारायण राजवंशीसंग विवाह वन्धनमा बाधिएकी थिईन ।

श्रीमान पहिले देखि नै नेपाल कम्युनिष्ट पार्टी (एमाले) मा सक्रिय रहेको थियो । मलाई चाहि २०७४ सालमा पार्टीमा प्रवेश गरेको थियो । त्यही वेला देखि म पनि सक्रिय रुपमा राजनितिमा लागेको वताउँदै



कटहरी गाउंपालिकाकाको उपाध्यक्ष सीतादेवी राजवंशी

भने महिला भएर राजनीतिमा लागेपनि घर गृहस्थी, चुल्हाचौका र घर परिवार संचालको लागि साना किराना पसलको व्यवसायी समेत चलाउँदै आएको वताइन ।

तपाईको श्रीमान् नेपाल कम्युनिष्ट पार्टी (एमाले)को कटहरी गाउँपालिका अध्यक्ष भएकै कारण तपाईले टिकट पाउनु भयो भन्ने प्रश्नको जवाफमा वहाँले भने मात्रै श्रीमान्ले गर्दा मैले टिकट पाएको होईन, कटहरी गाउँपालिकाको नेतृत्वमा रहेको सिगो पार्टीले टिकट दिने सिफारीस गरेको थियो ।

भाग्यवश मैले टिकट पाए र उम्मेदवारी दिए, बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा उपाध्यक्ष पदमा विजय भएको छु । यो जित भनेको सम्पुर्ण गाउँपालिकाको जीत हो, आधा आकाश ढाक्ने महिलाहरुको जीत हो, सम्पूण पार्टी पंक्तिको जीत हो । अव म सम्पूण कटहरी गाउँपालिका वासीको उपाध्यक्ष भएकोले कसैमाथि कुनै पुर्वाग्रह, कुनै विभेद नराखी जनताको सेवामा लाग्ने वताए ।

गाउँ टोलमा सेवा गर्दा गर्दै सम्पूर्ण कटहरी गाउँपालिका वासीलाई सेवा गर्ने मौका पाएको छु र म जनताको सेवा गर्छु भन्दै के के सेवा गर्नु हुन्छ भन्ने प्रश्नको जवाफमा सभवन्दा पहिले महिला माथि हुने विभेद र हिन्साको अन्त गर्न प्रयास गर्ने छु, दोस्रो छोरीको शिक्षामा जोड दिने छु, जनचेतना मुलक

वांकी ३ पेजमा...

## प्रमुख, उपप्रमुखहरूको सपथग्रहण

हिरालाल साह

बिराटनगर । बिराटनगर महानगरपालिका सहित १७ वटै स्थानीय तहका निर्वाचनमा निर्वाचित मेयर, अध्यक्ष, सदस्य लगायतका पदाधिकारीले सपथ लिएका छन् । बिराटनगर महानगरपालिकाको सभाहलमा एक कार्यक्रम को आयोजना गरि सपथ ग्रहण गरेको हो ।

उक्त कार्यक्रममा मोरङ जिल्ला मुख्य निर्वाचन अधिकृत भरत लम्सालले १७ वटै स्थानीय तहका प्रमुख र अध्यक्षहरूलाई सपथ ग्रहण गराएका छन् ।

शपथ लिएका पालिका प्रमुख तथा अध्यक्षहरूले आ-आफ्नो पालिकाको उपप्रमुख, वडा अध्यक्षहरू र वडा सदस्यहरूलाई शपथ ग्रहण गराउने कानूनी व्यवस्था छ । स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ५५ बमोजिम ५ वर्षे कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिहरूले आजैदेखि जिम्मेवारी सम्हाल्ने छन् ।

त्यसैगरी बिराटनगर महानगर प्रमुख नवनिर्वाचित मेयर नागेश कोइरालाले उपमेयर शिल्पा कार्की लगायत १९ वटै वडाका अध्यक्ष तथा सदस्यहरुलाइ सपथ ग्रहण गराएका थिए ।

सपथ ग्रहण कार्यक्रम लगतै मेयर नागेश कोइरालाले नयाँ कार्यकक्षमा पदभार ग्रहण समेत गरेका छन् । पदभार ग्रहण गर्दै मेयर कोइरालाले आफ्नो पार्टीको घोषणा पत्र अनुसार नै काम गर्ने, करको दायरा फराकिलो पारि जतिसक्दो करको दर कम गर्ने, सर्वसुलभ पहिलो प्रस्तावको रुपमा नगरसभामा प्रस्तुत गर्ने, सबै पक्ष/बिपक्षका जन प्रतिनिधिलाई समेटेर बिराटनगर को विकासकोलागि पार्टी भन्दा माथि उठेर जनताको सेवा गर्ने कुरा पत्रकारहरु माझ आफ्नो

वांकी ३ पेजमा...

## बालिका बलात्कारको आरोपमा म्यादी प्रहरी पक्राउ

विराटनगर । पाँच वर्ष अघि बालिका बलात्कारगरी फरार रहेको आरोपी झापाको गौरीगञ्जमा एकजना म्यादी प्रहरी पक्राउ परेको छ ।

पक्राउ पर्नेमा उदयपुर जिल्लाको ताप्ली गाउँपालिका वडा नं. ५ का ३० वर्षिय कमल प्रसाद पोखरेल रहेको छ ।

पोखरेलले पाँच वर्ष अघि एक १४ वर्षिय बालिकालाई बलात्कार गरको आरेपमा उनी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय झापाले जानकारी दिएको छ ।

५ वर्ष अघि २०७४ साल जेठ ३ गते उदयपुरको ताप्लीमा रहेको गहते जंगलमा लगेर बालिकालाई बलात्कार गरेको आरोपमा पोखेल पक्राउ परेका हुन् । बालिका बेहोस भएपछि उनी फरार भएको थियो । फरार रहेका पोखेललाई प्रहरीले खोजिरहेको भए पनि भेट्न सकेको थिएन ।

बैशाख ३० गते भएको स्थानीय तह चुनावका लागि झापामा म्यादी प्रहरीका लागि आवेदन दिई छनोट प्रक्रिया पूरा गरेर म्यादी प्रहरीमा कार्यरत रहेकै बेला उनलाई प्रहरीले झापाको गौरीगञ्जबाट पक्राउ गरेको थियो ।

पक्राउ परेका पोखेललाई थप अनुसन्धानका लागि उदयपुर नै पठाइएको झापा प्रहरीले जनाएको छ ।

**वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी**
**डिभिजन वन कार्यालय, मोरंगको अत्यन्त जरूरी सूचना!**

वन जंगल र वन्य जन्तुहरुको संरक्षण गर्नु हामी सबैका कर्तव्य हो । घरपालवा पशुपंछी बाहेक राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनै पनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन । वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दु:ख दिने, मार्ने, वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुंड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद विक्री गर्नु गराउनु दण्डनीय अपराध हो । यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्द्र वर्षसम्म कैद वा दुबै सजाय हुने कानूनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

डिभिजन वन कार्यालय मोरंग






क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

# २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा बुढीगंगा गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधी

| अध्यक्ष | उपाध्यक्ष |
|---|---|
| नेपाली काँग्रेस : जीतनारायण थापा मगर ८२९९ | नेपाली काँग्रेस : अमृता कु. गच्छदार ६२८२ |

**बुढीगंगा गाउँपालिका वडा नं. १**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | सोमराज काफ्ले | ११५८ विजय |
| २.. | नेपाली काँग्रेस वडा सदस्य | मोहन प्रसाद खतिवडा | १०७० " |
| ३. | नेकपा (एमाले)वडा सदस्य | सागर थापा | १०६१ " |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | मिथिला आर्चाय | ११५१ " |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | रिणा रिषिदेव | ११२३ " |

**बुढीगंगा गाउँपालिका वडा नं. २**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | रेवती नारायण चौधरी | १२१४ विजय |
| २.. | नेपाली काँग्रेस वडा सदस्य | महमद ताहिर मियाँ | १५५७ " |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | गादीलाल सिक्दार | १४४६ " |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | मिना देवी विश्वास | १४८३ " |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | सुमित्रा रिषिदेव | १५६२ " |

**बुढीगंगा गाउँपालिका वडा नं. ३**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | तिलकनाथ म. राजवंशी | १५६९ विजय |
| २.. | नेपाली काँग्रेस वडा सदस्य | लोकनाथ चौधरी | १३२९ " |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | नर बहादुर बुढाथोकी | १२९८ " |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | सपना कुमारी कोइराला | १६५२ " |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | मेनसर रिषिदेव | १५७२ " |

**बुढीगंगा गाउँपालिका वडा नं. ४**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | शशिकान्त चौधरी | ८१९ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | चिरनजीवी कु. सरदार | ८८० " |
| ३. | नेकपा (एमाले) वडा सदस्य | नुर आलम | ८५८ " |
| ४. | नेकपा (एमाले)महिला सदस्य | मञ्जुदेवी बुढाथोकी | ९४१ " |
| ५. | नेकपा (एमाले)दलित सदस्य | चानो देवी रिषिदेव | ९११ " |

**बुढीगंगा गाउँपालिका वडा नं. ५**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (मा. केन्द्र) वडा अध्यक्ष | देवेन्द्र प्रसाद दाहाल | १०८७ विजय |
| २.. | नेकपा (मा. केन्द्र) वडा सदस्य | उमेश कुमार खनाल | ९४५ " |
| ३. | नेकपा (मा. केन्द्र) वडा सदस्य | तुलाराम सरदार वाँतर | ९२९ " |
| ४. | नेकपा (मा. केन्द्र) महिला सदस्य | पुष्पा देवी भगत | १०३२ " |
| ५. | नेकपा (मा. केन्द्र) दलित सदस्य | ललिता देवी सरदार वाँतर | ११०६ " |

**बुढीगंगा गाउँपालिका वडा नं. ६**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | दिलीप कुमार चौधरी | १५६४ विजय |
| २.. | नेपाली काँग्रेस वडा सदस्य | जगत नारायण माझी | १३३७ " |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | नागेन्द्र प्रसाद फुयाल | ११२६ " |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | चन्द्र कला चौधरीइ | १४४९ " |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | वेचनी कुमारी सरदार | १३९० " |

**बुढीगंगा गाउँपालिका वडा नं. ७**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले)वडा अध्यक्ष | पंकज चौधरी थारु | १२१० विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | देवलाल चौधरी | ११२९ " |
| ३. | नेकपा (एमाले) वडा सदस्य | शिवनारायण खवास | १११० " |
| ४. | नेकपा (एमाले)महिला सदस्य | शान्ति कुमारी थारु | ११७१ " |
| ५. | नेकपा (एमाले)दलित सदस्य | रेखा कुमारी सरदार | ११५८ " |

## स्वस्थ...

सरकारले कर्णालीमा सरकार चामल बाँडेर बस्ने होइन, त्यहाँका किसानलाई प्रोत्साहन गर्नुपर्छ र उचित बजारको व्यवस्था गरिदिनुपर्छ ।

अहिले कर्णालीमा स्याउबाट जुस, वाइन, ब्रान्डी तथा अर्गानिक गेडागुडी उत्पादन गरी बजारमा ल्याउन सुरु गरिएको छ। कर्णालीका व्यवसायीले स्थानीय किसानको सहभागिता सहित अर्गानिक फुड चेनको विकास गर्दै लैजाने योजना बनाएका छन्। सयौंको रोजगार सिर्जनादेखि कस्टुमरमा विश्वसनियता पनि बढेर जाने उनीहरुको विश्वास छ ।

कर्णालीमा हिमालको स्वच्छ पानीले बनेको उच्च गुणस्तरको उत्पादन हुने हुँदा त्यहाँका उत्पादन स्वदेशी तथा विदेशीको प्रिय बन्दै गएको छ। स्थानीय या केन्द्रीय सरकारले अर्गानिक खाद्य पदार्थ उत्पादनमा सहुलियत प्रदान गरेमा राजधानीका उपभोक्ताले पनि सरल भाउमा अर्गानिक सामान पाउने थिए ।

नेपाल र भारतबीच व्यापार घाटा बढिरहेको छ। दुर्गम क्षेत्रमा अर्गानिक खाद्यान्न उत्पादन गरी भारत निर्यात गर्न सके पनि धेरै राहत पुग्ने छ। ग्रामीण क्षेत्रमा खेर जाने फलफूललाई सदुपयोग गरी केमिकल, कलर, तथा सुगर फ्रि वाइन बनाएर निर्यात गर्न सके आर्थिक रुपमा पनि निकै राहत पुग्ने छ ।

अमेरिकाको अति गरिब जिल्ला साउथ ब्रङ्क्सको सामुदायिक विद्यालयमा पढाउँदै गरेका एक शिक्षक स्टेफेन रिजले गरिब बस्तीमा आसाको बिउ उमार्दाको अनुभव यसरी व्यक्त गरेका छन्, 'म अन्नको खेती गर्ने किसान होइन। म मानिसहरूको खेती गर्छु। मैले फलाउने अन्न भनेको अर्गानिक तवरले हुर्कँदै गरेका नागरिकहरू हुन्। हामी भित्र र बाहिर दुवै ठाउँमा अर्गानिक बिरुवा उमार्छौं। बोटबिरुवा उमार्ने कलिला युवा किसानहरू भेट्दा तपाईं दङ्ग पर्नुहुने छ। हामीले हामी बस्ने समुदाय वरिपरि रङ्गीविरङ्गी फूल, बोटबिरुवा र रुखहरू रोपेका छौँ। हामीले पर्याप्त खाद्यान्न हाम्रै जिल्लामा उत्पादन गरेका छौं, जसले गर्दा संकटग्रस्त ठाउँमा ताजा र अर्गानिक खानेकुराहरू सहयोग स्वरुप पठाउन सम्भव भएको छ ।'

## घर गृहस्थी...

कार्यक्रम संचालन र कानुनी शिक्षा प्रदानको लागि तालिमहरु संचालन गर्ने मेरो प्राथमिकतामा रहने वताए ।

एक फरक प्रंसगमा भने गोप्य कुराकानी गर्ने कोठा भत्काउने कुरा राम्रै हो । अन्य केही कुराहरु अध्यक्षले सपथ ग्रहन भन्दा पहिले वोलेकोले त्यो वहाँको व्यक्तिगत विचार होला तर हामी फरक-फरक पार्टीका अध्यक्ष उपाध्यक्ष भएपनि दुबै जना जनताको सेवा गर्न आएका छौ । एक आपसमा सरसल्लाह गरेर गाउँपालिकाको विकास र समृद्धिमा लाग्ने वहाँको भनाई थियो ।

कटहरी गाउँपालिकाको अध्यक्षमा नेपाली काँग्रेसका देवराज चौधरी विजय भएको छ भने वडा नं. १, २, ५, ६ र ७ नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवारले विजय प्राप्त गरका छन् भने वडा नं. ३ नेपाली काँग्रेस र वडा नं. ४ जनता समाजवादी पार्टी नेपालका वडा अध्यक्षहरु विजय भएका छन् ।

## प्रमुख...

धारणा सार्वजनिक गरेका छन् ।

बिराटनगर महानगर पालिका सभाहलमा मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दहालको उपस्थितिमा महानगर पालिकाको १९ वटा वडा मध्ये नेपाल कम्युनिष्ट पार्टी (एमाले) वाट बिजयी प्राप्त गरेका ९ वटा वडा अध्यक्ष, नेपाली कांग्रेसवटा विजय भएका ६ वटा वडा अध्यक्ष, जनता समाजवादी पार्टी नेपालवाट विजय भएका २ वटा वडा अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टीवाट विजय भएका १ वटा वडा अध्यक्ष र स्वतन्त्रबाट विजय भएका १ वटा वडा अध्यक्ष लगायत निर्वाचित वडा सदस्यहरु, नागरिक समाजका प्रतिनिधिहरु, निर्वाचन कार्यालय का प्रतिनिधिहरु, महानगर कार्यालयका प्रतिनिधिहरु, पत्रकारहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।


## चट्याङ्को समयमा सतर्क रहौ

चट्याङबाट बच्ने उपाय

- बिजुली चम्केको बेला सतर्क रहने, - विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने, - सकभर अग्लो स्थानमा नबस्ने,
- धातुको ह्याण्डल, चेन भएको व्याग वा अन्य समान प्रयोग नगर्ने ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## विराटनगर महानगरपालिकाको सूचना

- ❑ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❑ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❑ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❑ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❑ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❑ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❑ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❑ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❑ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❑ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❑ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❑ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❑ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### ढाड सेक्ने इन्धनका मूल्य वृद्धि रोकौं

*नेपाली जनताको आय अनुसार अहिले भएको खाद्य्य पदार्थ, ग्यास, इन्धन लगायतका बस्तु हरुमा भएको असमान्य मूल्य वृद्धिले दैनिक जीवन नै तहसनहस हुने भएको छ । खास गरी दैनिक जीवन आपनका लागि चाहिले सवारी साधन संचालन, कृषि उत्पादनमा चाहिने पेट्रोलियम पदार्थ, डिजल, ग्यास, पेट्रोल, हवाई इनधनमा अकाशिएको मुल्य वृद्धिले जनताको ढाड सेकेको छ । आयल निगमलाई जुन वेला फाईदा भई रहेको थियो । त्यो वेला जनतालाई सोहलियत दिनुको सट्टा आयल निगमको कर्मचारीलाई वोनस वितरण गरियो । नेताहरुले कमिसन खायो । वितरण गरको वोनसवाट कति शेयर किनेर कर्मचारीहरु अर्वपति भएको छ । अहिले आएर अन्तराष्ट्रिय वजारमा कच्चा पर्दाथको मुल्य वृद्धि भएको भन्दै दिन दुना रात चौगुना मूल्य वृद्धि गर्दै गई रहेको छ । फाईदा भएको वेला गोजी भर्ने तर के घाटा भएको वेला ती वोनस खाने कर्मचारीहरुले वेहोर्नु पर्दैन ? फाईदा खाने तर घाटा नवेहोर्ने कस्तो नियम ? त्यसैले घाटा कहावाट पूर्तिगर्ने हो गरौं तर जनताको ढाड सेक्ने मुल्य वृद्धि रोकौं ।*

*नेपाल सरकारले इन्धन कम खर्च हुन्छ भनेर कर्मचारीहरुलाई साताको दुई दिन विदा दिएका छ । के विदा दिदैमा इन्धनको खपत कम हुन्छ ? कदापि हुदैन झ विदा पाएपछि घुमफिर वढी नै हुन्छ । विना अन्ययन अनुसन्धानले लिएको निर्णय उल्टै सरकारलाई नै घाटा हुन्छ । इन्धनमा गरिएको मुल्यवृद्धिले अन्य खाद्य्य सामग्रीका मुल्य वृद्धिमा सघाउ पुऱ्याउँछ । याता यात साधनको मुल्यमा वृद्धि भएपछि खाद्य्य पदार्थ लगायत सम्पुर्ण सामग्रीको मुल्य वृद्धिभई जनताको जनजीवन तहसनहस भई रहेका छ ।*

*इन्धनको विकल्पमा विद्युत महसुलमा सोहलियत दिएर बिजुलीवाट चल्ने चुल्हो चलाउन प्रोत्सान गर्नु पर्छ । विद्युतिय सवारी साधनहरुको आयातमा करको छुट दिनु पर्छ । विद्युतवाट चल्ने उपकरणहरु विना भन्सार शुल्क लिएर आयात गर्न दिनु पर्छ । नेपाल सरकारमा नागरिकको दैनिक जीवनयापनसँगै सरोकार राख्ने गम्भीर मुद्दामा सोच्ने वेला आएको छ । पेट्रोलमा लिटरमै ६३ रुपैयाँ कर सरकारले लिन्छ । ग्यास सिलिन्डरमै ३ सय २७ रुपैयाँ कर लिन्छ । यी सव कर लिन वन्द गरी जनतालाई राहत दिनु आवश्यक छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# कस्तो हुनुपर्छ समुन्नत समाज निर्माणमा सञ्चारको दायित्व ?

**टेकराज पन्थी**

सामान्य अर्थमा सञ्चार भन्नाले दुई वा दुईभन्दा बढी व्यक्तिबीच सूचना, विचार, अनुभव, भावना आदिको विनिमय हुने र एकअर्कामा आपसी समझदारी कायम गर्ने प्रक्रियालाई बुझिन्छ। एकअर्काबीच सूचना, विचार धारणा जानकारी साटासाट गर्ने प्रक्रिया वा साझेदारी कायम गर्ने प्रक्रियालाई सञ्चारको अर्थमा बुझ्न सकिन्छ। सञ्चारको उद्देश्य कुनै भाव वा विचारको सम्प्रेषण गर्नु हो।

परापूर्वकालदेखि आज पनि सार्वजनिक वा महत्त्वका सूचनाहरू सर्वसाधारणलाई जानकारी दिन कटुवाल घोकाउने प्रचलन पनि पत्रकारिताको पूर्वाभ्यास हो। आजको पत्रकारिता वैज्ञानिक युगको सामूहिक देन हो। कागजको उद्योग, छापाखाना र अन्य छपाइ उपकरणका सङ्गमबाट अहिलेको पत्रकारिता चलिरहेको छ। मुख्यतः छापाखानाको विकाससँगै पत्रकारिताको पनि विकास भएको मानिन्छ।

विश्व पत्रकारिताको इतिहास मा नेपाललाई हेर्दा निकै पछि मात्र यसको विकास भएको देखिन्छ। नेपालमा छापाखानाको विकास पनि निकै ढिलो भएको हो। भारतमा भन्दा झन्डै तीन सय वर्ष पछाडि मात्र नेपालमा छापाखानाले प्रवेश गरेको देखिन्छ। भारतमा सन् १५५० मा प्रेसले प्रवेश पायो भने नेपालमा विसं १९०८ मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा बेलायत भ्रमणबाट फर्कंदा फलामे हाते प्रेस ल्याएपछि मात्र विधिवत् रूपले प्रवेश पायो। यसैलाई हामीले गिद्धेप्रेस भन्छौं। यसपछि मनोरञ्जन छापाखाना ल्याइएको थियो।

पत्रकारिताको प्रारम्भ मोतिराम भट्टले गरेका थिए। साहित्यको माध्यमबाट नेपाली भाषाको सेवा गर्ने भट्टले विसं १९५० मा सुधासागरको प्रकाशन गरे। १९५२ मा उनको निधन भएपछि पण्डित नरराजहरूले १९५५ मा 'सुधासागर' प्रकाशित गरे। यो नेपालबाट प्रकाशित पहिलो पत्रिका थियो। यस अघि विसं १९४२ मा 'गोर्खा भारत जीवन' नामक् पत्रिका मोतिराम भट्टले नै बनारसबाट प्रकाशन गरेका थिए।

यसरी हेर्दा नेपाली पत्रकारिताको प्रारम्भिक स्थल बनारसलाई नै सम्झनुपर्दछ। नेपालमा जङ्गबहादुरले बेलायतबाट प्रेस ल्याएको झन्डै ५० वर्षपछि मात्र पत्रिकाको प्रकाशन भएको पाईन्छ। 'सुधासागर'पछि नेपालबाटै नेपाली भाषामा प्रकाशित दोस्रो पत्रिका 'गोरखापत्र' हो। सन् १९०१ मा प्रकाशित भएको थियो। यसको प्रकाशनपछि नेपाली सञ्चारमाध्यममा क्रान्ति नै आएको थियो।

नेपालको इतिहासमा रेडियोले आमसञ्चारको क्षेत्रमा ठूलो क्रान्ति ल्याएको पाइन्छ। विसं २००७ को क्रान्तिका समयमा नारदमुनि थुलुङको नेतृत्त्वमा पूर्वी नेपालको पहाडबाट प्रजातन्त्र रेडियोको नाममा रेडियो प्रसारण भएको थियो। पछि विराटनगरमा पनि अर्को रेडियो सञ्चालन भएको थियो। तारिणीप्रसाद कोइरालाले नेतृत्व गरेको त्यो रेडियोले पनि राणा विरोधी क्रान्तिलाई मुख्य रूपमा प्रचार गरेको थियो। प्रजातन्त्रको स्थापनापछि २००७ चैतमा त्यही उपकरण ल्याएर काठमाडौंबाट नेपाल रेडियोको स्थापना गरिएको थियो। जुन अहिले सरकारी सञ्चार माध्यम रेडियो नेपालको रूपमा सञ्चालित छ।

टेलिभिजनको इतिहासमा विसं २०४१ मा नेपाल टेलिभिजनको स्थापना भयो र यसले हाल करिब ११७ च्यानल प्रसारण गरेको पाइन्छ।

यसै गरी नेपालमा अनलाइन पत्रकारिता पनि प्रशस्तै सञ्चालनमा छन्। प्रारम्भमा सीएनएन, बीबीसी तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरू धेरै अगाडि नै अनलाइन संस्करणमा गए पनि नेपाल यसमा त्यति पछाडि छैन। सन् १९९३ बाट अनलाइन पत्रकारिताको विकासले तीव्रता पाएको थियो। नेपालमा पनि सन् १९९५ मै अनलाइन पत्रकारिता को प्रारम्भ भइसकेको थियो। नेपालमा अनलाइन पत्रकारिताको प्रारम्भ गर्ने पहिलो संस्था मर्कन्टाइल हो। उसले सन् १९९५ मा साउथ-एसिया डटकम मार्फत् कान्तिपुर पब्लिकेसन हाउसको अङ्ग्रेजी दैनिक दी काठमाडौं पोस्टलाई आफ्नो साइटमा राखेर अनलाइन पत्रकारिताको प्रारम्भ गरेको थियो। अहिले अनलाइनहरू करिब २,४७३ भन्दा धेरै नै भइसकेका छन्। अनलाइन पत्रकारितामा नयाँ धार सुरु भएको छ। आफैं रिपोर्टर राख्नेदेखि बाइलाइन राखेर समाचार लेख्ने काम अन्य अनलाइनले सुरु गरेका छन्।

बिटमा आधारित रहेर अनलाइन सञ्चालन गर्ने लहरसमेत नेपालमा चलेको छ। पछिल्लो समय विशेष गरी आर्थिक बिटका राम्रा अनलाइनसमेत सञ्चालनमा आएका छन्। यसै गरी नेपाली ब्लग साइटहरू पनि धेरै खोलिएका छन्। नेपालमा ब्लग साइटहरूमा समाचारको निकै बाहुल्य रहेको छ। कतिपय ब्लग साइटहरू त समाचार साइटले जस्तै समाचार पस्किरहेका छन्। त्यसैले ब्लगहरू पनि नेपालमा समाचारका माध्यम बन्न थालेका छन्। यद्यपि ब्लग समाचार साइट होइन।

मिडियालाई समाजको ऐना भनिन्छ। समाजको चरित्र र स्वरूप जस्तो छ त्यस्तै प्रतिरूप मिडियामा प्रतिविम्बित हुन्छ। मिडिया समानता, सुशासन र न्यायका लागि सकारात्मक गोरेटो पहिल्याउने समाजको पथप्रदर्शक पनि हो। समाजलाई सही, तथ्यपरक र विश्वसनीय सूचना प्रवाह गर्दै ज्ञान दिनु वा चेतनाको विकास गर्नु यसको उद्देश्य भएकाले लोकतान्त्रिक समाजको पहरेदारको रूपमा रहेको हुन्छ। राज्यका तीन महत्त्वपूर्ण निकाय न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकालाई बर्दीबिनाको प्रहरीका रूपमा मिडियाले नियालिरहेको मात्र हुँदैन, गलत पात्र र प्रवृत्तिविरुद्ध खबरदारी पनि गरिरहेको हुन्छ। मिडियाले समाजका समस्या उद्घाटित मात्रै होइन, न्यायका लागि मार्ग प्रशस्तसमेत गर्छ।

सञ्चार माध्यमबाट धेरै विषयमा समाजका हित र न्यायका विषयमा काम गरिरहेको पाइन्छ। तथापि कहिले व्यक्तिगत स्वार्थ त कहिले राजनीतिक प्रभावबाट सञ्चार क्षेत्र प्रभावित भएको पनि पाइन्छ। समाजमा सुशासनका लागि वकालत गर्ने मिडिया समाजप्रति जिम्मेवार बन्न नसक्दा दण्डहीनता र कुशासन हावी हुन्छ। कुशासन र दण्डहीनता हाबी भएको ठाउँमा न्यायमा सबै क्षेत्र तह र तप्काको समान पहुँच हुन सक्दैन। मिडियाले समाजका समस्या जस्ताको त्यस्तै दर्साउने भएकाले यसलाई समाजको ऐना पनि भन्ने गरिएको हो।

तर मिडिया राजनीतिग्रस्त हुनु, मार्केटफोर्स हुनु र मिडियामा संलग्न व्यक्तिहरूको निहित स्वार्थ हुनु जस्ता कारण यसले कतिपय सूचनालाई अवास्तविक रूपमा प्रस्तुत गरिदिँदा सञ्चारको विश्वसनीयतामा बेलाबेला प्रश्न उठ्ने पनि गरेको छ। सत्यता, सहनशीलता जस्ता कुरालाई आधार बनाएर पनि आफ्नो पहिचान, अस्तित्वको रक्षा र आफ्नो महत्त्व स्थापित गर्न सकिन्छ। यथार्थ समाचार सम्प्रेषण गर्नु असल पत्रकारिताको धर्म र दायित्व हो भन्ने विषय सबै सञ्चारकर्मीले बिर्सिनु हुँदैन।

नेपालको वर्तमान सन्दर्भमा तीव्र विकास भएका सञ्चार माध्यमहरू धेरै हदसम्म सजिलो सूचनाका स्रोत बनेका छन्। अहिले सामाजिक सञ्जालको लहर

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# प्रदेश १ को रंगेली नगरपालिकाबाट विजय प्राप्त गरेका जनप्रतिनिधीहरू

मेयर : दिलीप कुमार अग्रवाल नेकपा (एमालेप्राप्त मत १२८६१

उपमेयर : भूमा कुमारी पराजुली नेकपा (एमाले) प्राप्त मत २५६८०

**रंगेली नगरपालिका वडा नं. १**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | महेश कुमार खनाल | १४४८ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | इश्वर चन्द्र माच्की थारु | १४३७ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | प्रदीप कुमार राजवंशी | १३९१ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | संतोषी चौधरी | १५४९ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | लालो देवी सरदार | १५५० „ |

**रंगेली नगरपालिका वडा नं. २**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | सन्तलाल खवास | १८९४ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | तारा देवी गुरुङ | १७६२ „ |
| ३. | नेकपा (ऐमाले) वडा सदस्य | मिन वहादुर कार्की | १६६३ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | यशोदा कोइराला | १८९८ „ |
| ५. | नेकपा (ऐमाले)दलित सदस्य | लिला देवी पासवान | १८७२ „ |

**रंगेली नगरपालिका वडा नं. ३**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | भरत राज प्रसाई | १३५४ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | लोक वहादुर काफ्ले | १४०८ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | राधिका मगर | १३५० „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | पुनम कर्मकार | १३८८ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | तुलसा दमाई | १४१३ „ |

**रंगेली नगरपालिका वडा नं. ४**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | अवधेश कुमार मण्डल | ७९४ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | मुकेश कुमार मण्डल | ६६३ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | रामेश्वर मण्डल | ६५१ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | वसन्ती देवी साह | ७४० „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | लक्ष्मी विश्वकर्मा | ७५४ „ |

**रंगेली नगरपालिका वडा नं. ५**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | महानन्द केवरत | ९५८ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | गणेश रिषिदेव | ९५६ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | हिराकान्त झा | ८९२ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | हेमन्ती देवी ठाकुर | १०३१ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | पारोदेवी सरदार | १०३१ „ |

**रंगेली नगरपालिका वडा नं. ६**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | सुजित कुमार मण्डल | ९६१ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | गयानन्द साह | ८०४ „ |
| ३. | जसपा नेपाल वडा सदस्य | सरस्वती देवी वहरदार | ६९७ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | परेखा कुमार मण्डल | ८९६ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | जंगली देवी सरदार | ८९८ „ |

**रंगेली नगरपालिका वडा नं. ७**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | रामचन्द्र मण्डल | १०४४ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | देवमणी कटुवाल | १३५७ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | अनिल कुमार महतो | ११८८ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | अन्पुर्ण कुमारी मण्डल | १२३८ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | रुपा विश्वकर्मा | १२३३ „ |

**रंगेली नगरपालिका वडा नं. ८**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | ढक प्रसाद आर्चाय | १२२६ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | निरोज कुमार ताजपुरीया | ११३९ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | हरि कुमार क्षेत्री | १०८३ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | संगिता राजवंशी | ११७९ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | माला रिषिदेव | ११६३ „ |

**वराटनगर महानगरपालिका वडा नं. १०**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | चुडामणी रेगमी | ९९५ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | भागवत लाल राजवंशी | १०२६ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | कमल प्रसाद रिमाल | १०२४ „ |
| ४. | नेकपा (एमाल) महिला सदस्य | ममता आले मगर | १०७९ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | आशा रिषिदेव | १०६७ |

# स्वस्थ र दीर्घ जीवनका लागि अर्गानिक

नेपालीको खानपान शैलीमा धेरै परिवर्तन आएको छ। खासगरी बजारबाट तयारी खानेकुरा किनेर खाने प्रचलन राम्रो/नराम्रो के हो भन्ने विषयमा धेरैले चासो दिन थालेका छन्।

अर्गानिक खानाको परिकार पस्किने होटल तथा रेस्टुरेन्टलाई अहिले भ्याइनभ्याइ छ। अर्गानिक खाना खानुपर्छ भन्ने चेतनामा वृद्धि भएको छ। केही वर्षअघिसम्म तरकारी तथा खाद्यन्नमा अत्यधिक विषादी र रासायनिक मल प्रयोग गरेर उत्पादन बढाइन्थ्यो भने अहिले क्रमश: अर्गानिक खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ।

अर्गानिक वस्तुको महत्व उपभोक्ताले महत्व नबुझेको अवस्थाले गर्दा सस्तो मूल्यमा बाहिरबाट बजारमा आएका विषादीयुक्त तरकारी नै बढी बिक्थ्यो। अर्गानिक उत्पादनले लगानी उठाउन समेत समस्या पर्थ्यो। तर अहिले त्यो स्थिति कम हुँदै गएको छ। अर्गानिक खाद्य वस्तु तथा तरकारी खोजीखोजी खाने उपभोक्ता बढ्दै छन्।

अर्गानिक खाद्य स्टोर, अर्गानिक तरकारी तथा फलफूल पसल, होमस्टे, रिसोर्ट र रेस्टुरेन्टहरु व्यापक खुलेका छन्। खाद्य तथा तरकारी, फलफूलमा अत्यधिक विषादी प्रयोगका कारण क्यान्सर तथा अन्य रोगको शिकार हुनुपर्दा उत्पादकहरुमा पनि चेतनामा वृद्धि हुँदै गएको छ। रसायिनिक खेती गर्दा खानेलाई मात्र नभई किसानलाई समेत स्वास्थ्यमा अधिक असर परेको महसुस भएपछि अर्गानिक खेतीमा आकर्षण बढ्दै गएको हो।

कोदोलाई धेरैजसो मानिसले राम्रो अन्न मान्दैनन्। तिनीहरू यसको गुणमा होइन, रङमा गएकाले त्यस्तो भएको बुझ्न गाह्रो छैन। तर कोदो आम मान्छेले सोचेजस्तो कम गुणकारी खाद्यान्न भने होइन। यसमा चामल र मकैभन्दा ३५ गुणा अनि गहुँभन्दा ८ दशमलब ७३ गुणा बढी क्याल्सियम पाइन्छ। कोदोमा मकैभन्दा ३ दशमलब ७ गुणा, चामलभन्दा २ दशमलब ३ गुणा र गहुँभन्दा १ दशमलब ५ गुणा बढी आइरन पाइन्छ।

मैथिलीमा मडुवा, नेवारीमा डुसी, अंग्रेजीमा मिलेट भनिने कोदो प्रोटिन, भिटामिन, ऊर्जा तथा खनिजको प्रमुख स्रोत हो। यसलाई भविष्यको स्मार्ट खानासमेत भनिएको छ। कोदो जस्तै तिते फापर, मिठे फापर, जौ, कालो भङगरे चामल (जसमा अत्यधिक मात्रमा क्यालोरी पाइन्छ), मकै, सिस्नो, नियुरो, घैया, अटारलागायताका ग्रामीण भेगमा उत्पादन हुने अर्गानिक खाद्यान्न अहिले सहरमा पनि निकै लोकप्रिय हुन थालेका छन्।

रासायनिक मल नहाली स्थानीय गाईभैंसीको भकारो र स्याउलाबाट बनेको प्रांगारिक मल प्रयोग गरिने र किटानासक औषधि पनि प्रयोग नगरिने हुँदा यस्ता खाद्यान्नलाई अर्गानिक मानिन्छ। यस्ता खाद्यान्नले मानव शरीरलाई कुनै हानि नपुर्‍याउने र दीर्घायु जीवन हुनेहुँदा आधुनिक समाजमा अर्गानिकको महत्व बढ्दै गएको हो।

कस्तो अवस्थामा विषादीको प्रयोग कसरी गर्ने, प्रयोग गरिसकेपछि कति दिनपछि मात्र उपयोगमा ल्याउने, कृषक आफैंले खेतबारीमा गरेर सिक्ने, बाली-बिरुवाको नियमित अवलोकन, बाली-बिरुवामा लाग्ने सत्रु जीव र मित्रु जीवको पहिचान, अर्गानिक कृषि उत्पादन, विषादीको न्यूनीकरणजस्ता ज्ञान, सिप कृषकलाई सिकाइन कृषि विकास कार्यालयले पनि देशैभर पाठशाला सुरु गरेको छ।

उपभोक्ता र किसानले नै नबुझेसम्म कृषि विकास कार्यालयले जस्तोसुकै अभियान सञ्चालन गरे पनि विषादीको प्रयोग निर्मूल पार्न गाह्रो हुने विज्ञहरु बताउँछन्।

विशेषगरी ग्रामीण भेगमा उत्पादन हुने मकै, भटमास, लोकल कुखुरा, लोकल बोका, सहर माछाका परिकारका साथै कोदो, मकै र फापरको ढिंडोका पारखीहरुले बढी मात्रामा रुचाएको अर्गानिक रेस्टुरेन्ट सञ्चालकहरु बताउँछन्। सामान्य लोकल कम्पनी छ, कुनै पनि अर्गानिक भनी गुणस्तर चिह्न लिएको छैन भने त्यस्ता कम्पनीले उत्पादन गरेको फुड सुरक्षित नहुन पनि सक्छन्। प्राय: ग्रामीण इलाकामा उत्पादन गरिएको प्याकेट फुडहरु सुरक्षित अर्गानिक र गुणस्तरीय नै हुन्छन्। तर यसमा स्ट्यान्डर लिएको वा नलिएको र म्याद गुज्रिएको छ कि छैन भन्ने कुरा लेबल हेरेर बुझ्नुपर्छ।

सरकारले निर्धारण गरेको मापदण्डअनुसार बनेका प्रोसेस्ड फुडहरु सुरक्षित र अर्गानिक हुन्छन्। दुधजन्य पदार्थहरुमा पास्चराइजेसन भएको छ कि छैन, फ्याट, एसएनएफलगायतका अन्य पदार्थहरु कति रहेका छन्, लेबलमै लेखिएको हुन्छ। खाद्य ऐन र गुणस्तर ऐनलाई आधार मानी मापदण्ड निर्धारण गर्ने खाद्य तथा गुण नियन्त्रण विभाग र गुणस्तर विभाग रहेका छन्।

अर्गानिक रेस्टुरेन्ट, अर्गानिक फार्म हाउस, अर्गानिक चिया, अर्गानिक कफी सप अर्गानिक रिसोर्टहरु मात्र नभई अहिले द्रुत गतिमा गाउँगाउँमा होमस्टेहरु पनि खुलेका छन्। होमस्टेमा गाउँघरमै उत्पादन भएका कोदो, मकै, चामल, गहुँ, जौलगायत अर्गानिक रुपमा उत्पादन गरिएका तरकारीबाट विभिन्न प्रकारका खाना तयार गर्ने गरिन्छ।

होमस्टेहरुमा विदेशी पाहुना लगायत स्वदेशी पनि त्यतिकै हुन्छन्। होमस्टेको वरिपरी लगाइएको अर्गानिक तरकारी र माछामासु आफैंले भान्सामा तयार गरी खाने चलन पनि सुरु भएको छ, जुन अत्यन्त व्यावहारिक पनि मानिएको छ। काठमान्डौबाट नजिकका जिल्लाहरुमा व्यापक रुपमा खुलेका होमस्टेहरुले सकेसम्म पूर्ण रुपमा अर्गानिक खाना पस्कने गर्छन्।

नेपालमा अलिकति योजना बनाएर काम गर्नसके जुनसुकै व्यवसायको बजार भविष्य सुन्दर छ। विकासशील मुलुक हुनुका कारण पनि धरै अवसर र सम्भावनाहरु छन्। आफ्नै घरआँगनमा बसेर आफ्नो माटोको उत्पादनलाई आफ्नै परिचय दिनसक्नु नै महान हो भन्ने ठानेर कतिपय नेपाली युवाले विदेशको ग्रिनकार्ड त्यागेर अर्गानिक खेती सुरु गरेका छन्।

वैज्ञानिक अनुसन्धान र अनुगमनको अभावका कारण कर्णालीको उत्पादनको पहिचान र सदुपयोग हुन सकेको छैन। हामी विदेशका भनेपछि मरिहत्ते गर्दछौं तर, आफ्नै देशको पोषक तत्वलाई चिन्न सक्दैनौं, बुझेका छैनौं। त्यसै खेर गइरहेको अवस्था छ, हुम्ला, जुम्ला उत्पादित गुणस्तरीय स्याउ। तर कमसल स्याउ आयात गरेर जुस तथा वाइन उत्पादन हुन्छ। त्यहाँको उत्पादन कुहिएको छ, यता अर्बौं रुपैयाँको फलफूल आयात हुन्छ। सरकारको बजेट कता प्रयोग हुन्छ खै ?

कर्णालीमा उत्पादित ओखर, ब्ल्याक राइस, स्याउलगायतका विभिन्न फलफूल तथा अर्गानिक अनाजलाई विश्व बजारमा प्रबर्द्धन गर्न सक्नुपर्छ। त्यो एउटा किसानले मात्र सम्भव छैन, राज्यले पूर्ण सहयोग गर्नुपर्छ।

वांकी ३ पेजमा...

## २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा कानेपोखरी गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधी

अध्यक्ष उपाध्यक्ष

नेकपा एमाले. राजमती इङ्गनाम ९९७५ नेकपा (एमाले) भोला प्र. अधिकारी ९५७०

| कानेपोखरी गाउँपालिका वडा नं. १ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | रत्न बहादुर कार्की | ११०८ विजय |
| २.. | नेकपा (एमाले वडा सदस्य | रामजी भण्डारी | ९४३ " |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | दुपेश कुमार थापा | ८७९ " |
| ४. | नेपाली काँग्रेस वडा सदस्य | विमला बुढाथोकी | ९०४ " |
| ५. | नेकपा (एमाले) वडा सदस्य | तुलसा देवी नेपाल | ९७० " |

| कानेपोखरी गाउँपालिका वडा नं. २ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | ·नेकपा (एमाले) वडा अध्यक्ष | शुशील बुढाथोकी | १८६४ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | केशव दहाल | १६९९ " |
| ३. | नेकपा (एमाले) वडा सदस्य | भीम वहादुर कार्की | १६३९ " |
| ४. | नेकपा (एमाले) महिला सदस्य | सावित्री चौधरी | १७६२ " |
| ५. | नेकपा (एमाले) दलित सदस्य | किना रिषिदेव | १७७४ " |

| कानेपोखरी गाउँपालिका वडा नं. ३ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | गोपाल बहादुर कार्की | ७७५ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | डिल्लामान गिरी | ९५८ " |
| ३. | नेकपा (ऐमाले) वडा सदस्य | लोकवहादुर लिम्बु | ९२८ " |
| ४. | नेकपा (एमाले) वडा सदस्य | सरस्वती काफ्ले | ९५३ " |
| ५. | नेकपा (एमाले) वडा सदस्य | अनारवती मुसहर | ९४१ " |

| कानेपोखरी गाउँपालिका वडा नं. ४ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | रमेश राउत | १३१४ विजय |
| २.. | नेपाली काँग्रेस वडा सदस्य | प्रदीप राई | १२९८ " |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | अविन्दु कुमार घिसिङ | ११७६ " |
| ४. | नेकपा (एमाले) वडा सदस्य | साउनी माझी | १२६७ " |
| ५. | नेकपा (एमाले) वडा सदस्य | श्याम कुमारी विश्वकर्मा | १२५८ " |

| कानेपोखरी गाउँपालिका वडा नं. ५ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | चरण गुरुग | १६२७ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | दिपक प्रसाद लुईटेल | १५२३ " |
| ३. | नेकपा (एमाले) वडा सदस्य | रखिलाल चौधरी | १४९४ " |
| ४. | नेकपा (एमाले) महिला सदस्य | शुशिला धिमाल | १५८५ " |
| ५. | नेकपा (एमाले) दलित सदस्य | प्रमिला परियार | १५९६ " |

| कानेपोखरी गाउँपालिका वडा नं. ६ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | खड्क वहादुर बस्नेत | १६४६ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | नारायण कुमार बस्नेत | १६४४ " |
| ३. | नेकपा (एमाले) वडा सदस्य | राज कुमार लिम्बु | १६०१ " |
| ४. | नेकपा (एमाले) महिला सदस्य | शुशीला श्रेष्ठ | १७७१ " |
| ५. | नेकपा (एमाले) दलित सदस्य | दुर्गा माया नेपाली | १८२७ " |

| कानेपोखरी गाउँपालिका वडा नं. ७ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | मोहन प्रसाद अधिकारी | १३२८ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | जीत वहादुर लिम्बु | १३०० " |
| ३. | नेकपा (एमाले) वडा सदस्य | जीवन सुब्बा लिम्बु | १२८२ " |
| ४. | नेकपा (एमाले) महिला सदस्य | पद्म कुमारी कार्की | १४०९ " |
| ५. | नेकपा (एमाले) दलित सदस्य | सविना तम्राकार विश्वकर्मा | १३६१ " |

## २०७८ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा ग्रामथान गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधी

अध्यक्ष उपाध्यक्ष

ने. का. जय प्रकाश गच्छदार थारु ७६०५, नेकपा (एमाले) गोमवती देवी थारु ६१२३

| ग्रामथान गाउँपालिका वडा नं. १ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | सुरेश कुमार माझी | ७१८ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | संजय कुमार माझी | ७४४ " |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | आनन्द कुमार सरदार थारु | ७३३ " |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | उषा थारुनी | ६९३ " |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | चनर देवी मुसहर | ७३४ " |

| ग्रामथान गाउँपालिका वडा नं. २ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | यादव खतिवडा | १३९५ विजय |
| २.. | नेपाली काँग्रेस वडा अध्यक्ष | गोपाल प्रसाद न्यौपाने | १३७५ " |
| ३. | नेपाली काँग्रेस वडा अध्यक्ष | लगनलाल सरदार | १२५६ " |
| ४. | नेपाली कांग्रेस वडा अध्यक्ष | सुमन कुमार चौधरी | १३५६ " |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | पारो देवी सरदार | १३३२ " |


| ग्रामथान गाउँपालिका वडा नं. ३ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (मा. केन्द्र) वडा अध्यक्ष | रमेश कुमार भगत | ६७४ विजय |
| २.. | स्वतन्त्र वडा सदस्य | अनिरुद्ध खाँ थारु | ६११ " |
| ३. | स्वतन्त्र वडा सदस्य | तिलक राम माझी | ५६० " |
| ४. | स्वतन्त्र वडा सदस्य | भागवती देवी सरदार | ६२५ " |
| ५. | जसपा नेपाल दलित सदस्य | सरस्वती वराईली | ६१४ " |

| ग्रामथान गाउँपालिका वडा नं. ४ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले वडा अध्यक्ष | बद्री नारायण माझी | १०९३ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | अशोक कुमार चौधरी | १०८७ " |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | महादेव सरदार थारु | ८५४ " |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | गहनी देवी माझी थारु | ९५८ " |
| ५. | नेकपा (एमाले) दलित सदस्य | राम कुमारी रिषिदेव | ९१२ " |

| ग्रामथान गाउँपालिका वडा नं. ५ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | भेष नारायण चौधरी | ११९८ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | पाँचुलाल माची थारु | १०७३ " |
| ३. | नेकपा (एमाले) वडा सदस्य | हरि थापा | ९४७ " |
| ४. | नेकपा (एमाले) महिला सदस्य | उर्वसी कुमारी थारु | १०७० " |
| ५. | नेकपा (एमाले) दलित सदस्य | लिलावती देवी सरदार | १०४० " |

| ग्रामथान गाउँपालिका वडा नं. ६ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले)वडा अध्यक्ष | वीरनाराणण चौधरी थारु | ८८३ विजय |
| २.. | नेपाली काँग्रेस वडा सदस्य | अनिल कुमार खाँ थारु | ९५७ " |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | पुष्प बहादुर चौहान | ९३९ " |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | देव कुमारी थारु | ९४८ " |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | निलम कुमारी सरदार | १०७२ " |

| ग्रामथान गाउँपालिका वडा नं. ७ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | विरेन्द्र चौधरी थारु | १०७३ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | धिरेन कुमार चौधरी | ९५८ " |
| ३. | नेकपा (एमाले) वडा सदस्य | महेशलाल माझी थारु | ८६३ " |
| ४. | नेकपा (एमाले) महिला सदस्य | श्याम कुमारी खाँ थारु | ९५९ " |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | कुमारी विश्वकर्मा | ९६६ " |

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com

All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

# प्रदेश १ मोरंगको रतुवामाई नगरपालिकाबाट विजय प्राप्त गरेका जनप्रतिनिधीहरु

मेयर : नागेश्वर प्रसाद सिंह गनगाई नेपाली काग्रेस प्राप्त मत १३१३५

उपमेयर : दमयन्ता देवी चुडाल नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्राप्त मत ९३७४

**रतुवामाई नगरपालिका वडा नं. १**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (मा. केन्द्र) वडा अध्यक्ष | धनश्याम गिरी | ७०५ विजय |
| २.. | नेकपा (मा. केन्द्र) वडा सदस्य | किशोर भट्टराई | ६७१ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | आनन्द राजवंशी | ६३० „ |
| ४. | नेकपा (मा. केन्द्र) महिला सदस्य | गोमा हास्दा सतार | ६६९ „ |
| ५. | नेकपा (मा.केन्द्र) दलित सदस्य | केचकनिया हरिजन | ६८४ „ |

**रतुवामाई नगरपालिका वडा नं. २**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | जिमारत मियाँ | ६८२ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | बधुलाल राजवंशी | ६८७ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | समिर उद्धिन मियाँ | ६८४ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | रामो कुमारी शर्मा | ६९५ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | किरण देवी पासवान | ६३७ „ |

**रतुवामाई नगरपालिका वडा नं. ३**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | छेदीलाल ताजपुरिया | ९२६ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | गिर्जा प्रसाद ताजपुरिया | ९६७ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | मदन कुमार ताजपुरिया | ८८९ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | अनरवती कुमार गंगाई | ८७६ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | सकुन्तला देवी हरिजन | ८९९ „ |

**रतुवामाई नगरपालिका वडा नं. ४**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | महावीर प्रसाद गंगाई | १४४८ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | कल्याणी कु. ताजपुरीया | ९९१ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | कामो रिषिदेव | ९०८ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | अमला देवी रिषिदेव | १०४४ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | सुमित्रा देवी सरदार | १०१९ „ |

**रतुवामाई नगरपालिका वडा नं. ५**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | सोमनाथ कार्की | १५४८ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | भोला प्रसाद सुतिहार | १३४७ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | मोतीलाल विष्ट | १२८२ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | सकुन्तला कु. दास | १४९७ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | अनारवती पासवान | १४९६ „ |

**रतुवामाई नगरपालिका वडा नं. ६**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | तुलाराम लुईटेल | १६३९ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | उमेश गौतम | १६१५ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | टेक बहादुर लिम्बु | १४९२ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | हेम केमारी सुवेदी | १६१८ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | अनिशा रनपहेली | १६०७ „ |

**रतुवामाई नगरपालिका वडा नं. ७**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | राम कार्की | ८८५ विजय |
| २.. | नेपाली काँग्रेस वडा सदस्य | तिपेन्द्र नाथ भट्टराई | १०५९ „ |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | संतोष रिजाल | १०३६ „ |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | मन देवी ताजपुरीया | ८८४ „ |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | चैतिदेवी रिषिदेव | ८८६ „ |

**रतुवामाई नगरपालिका वडा नं. ८**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | पुष्प बहादुर कार्की | १५९५ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | जतरु लाल ताजपुरीया | १५८८ „ |
| ३. | नेकपा (एमाले)वडा सदस्य | सागर पौडेल | १५३८ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | रेखा फोम्वोहाङ्ग | १६४० „ |
| ५. | नेकपा (एमाले)दलित सदस्य | सिता वर्देवा | १६५३ „ |

**रतुवामाई नगरपालिका वडा नं. ९**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | इन्द्र बहादुर लिम्बु | १६२७ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | चुडामणि चौधरी | १३५८ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | कमल बहादुर कार्की | १३२८ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | तारा भण्डारी | १३५० „ |
| ५. | नेकपा (एमाले)दलित सदस्य | ज्योतिन परियार | १३६६ „ |

**रतुवामाई नगरपालिका वडा नं. १०**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | भूल कुमारी कार्की | १३२१ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | भीम बहादुर आले | १२२७ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | कर्ण प्रसाद सुवेदी | १०१५ „ |
| ४. | नेकपा (ऐमाले) महिला सदस्य | गिता कुमारी लिम्बु | १२९५ „ |
| ५. | नेकपा (एमाले)दलित सदस्य | रामदेवी मग्राती | १२९५ „ |

## कस्तो हुनुपर्छ...

चलेको छ। हरेक व्यक्ति आफैंमा सूचनाको स्रोत बनेका छन्। यसका धेरै सकारात्मक पक्षहरू छन्। कतिपय व्यक्ति वा संस्थाले भ्रमको खेती गर्नक मात्रै सञ्चार माध्यमको प्रयोग गर्ने गरेका उदाहरण छन्। यो पद्धति गलत हो।

मिडिया आफैँमा एउटा व्यवसाय भएकाले यसले पनि नाफा कमाउनुपर्दछ, अन्यथा बजारमा टिक्न सक्दैन। तर अर्कातिर यसको अभियान नै जनतालाई सुसूचित पार्नु हो। यदि सूचनाको प्रवाह गर्ने आफ्नो दायित्व मिडियाले पूरा गर्न सकेन भने यसको औचित्यमाथि प्रश्न चिन्ह खडा हुनेछ। समाजको पहरेदारी गर्न विकास भएका मिडियाले समाजको अहित हुने कुरा गर्नु हुँदैन।

समाजमा विश्वास कायम गर्न मिडिया समाजप्रति उत्तरदायी बन्नैपर्छ। अन्यथा मिडिया जनताको आवाज होइन, प्रोपोगान्डा सावित हुन्छ। त्यसैले सत्य, तथ्य र वास्तविक सूचना प्रवाह नै मिडियाको धर्म हो। आफ्नो यो आधारभूत मान्यताबाट सञ्चार माध्यम चिप्लियो भने समाजको पहरेदारको भूमिकामा त्यो मिडिया हुन सक्दैन।

लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा न्याय, सुशासन र समृद्धिका लागि त मिडियाको ठूलो भूमिका हुने गर्दछ। नेपाली समाज बहुलवादी छ। संविधानले हरेक नागरिकको स्वतन्त्रताको ग्यारेन्टी गरेको छ। मुलुकमा प्रेस स्वतन्त्रता छ। सही सूचनाको सम्प्रेषण नहुँदा एउटा सानो गलत सूचनाले एकैछिनमा ठूलो रूप लिन सक्छ। गलत सूचनाले कतिपयको व्यक्तिगत वा सामाजिक, संस्थागत जीवन चरित्र नै समाप्त हुन सक्छ। यसका लागि मिडियामा नकारात्मक कुरा फैलाउने प्रक्रिया रोक्न राज्यले बलियो संयन्त्र निर्माण गर्नुपर्छ। र, मिडियाहरूबाट पनि राज्यलाई सकारात्मक सहयोग गर्नु पर्दछ।

पछिल्लो समयमा हरेक नागरिक जसको इन्टरनेट र सामाजिक सञ्जालमा पहुँच छ, यस्ता समाचारहरू सेयर गर्नुभन्दा पहिला धेरै आयामबाट सोच्न जरुरी पनि छ। पहिलो विषय समाचारमा सत्यता हुँदाहुँदै निष्पक्ष छ कि छैन ? त्यो पक्ष केलाउन जरुरी छ। दोस्रो समाचारको उद्देश्य सामाजिक मेलमिलापमा आधारित छ या सामाजिक बेमेलमा आधारित छ भन्ने सोचेर सेयर वा 'सिफारिस' गर्ने निर्णय गर्नुपर्छ। कतिपय समाचारमा समाज बनाउनेभन्दा पनि भाड्ने तत्त्व हावी वा नियोजित रूपमा 'पित' पत्रकारिताका रूपमा त्यो देखिन्छ।

हाम्रो समाजमा धेरै विचारको घुलमिल छ। सबैलाई आफ्नो विचारको, अस्तित्वको रक्षा गर्ने व्यक्तिगत चुनौती पनि छ। तर आफ्नो विचारको अस्तित्व कायम राख्न नकारात्मक कुराहरू भ्रम, सङ्कीर्णता आदिको सहारा लिनु राम्रो होइन। मुलुकमा व्याप्त अस्तव्यस्ता, दण्डहीनता, मानव अधिकारको रक्षा सुशासन, कर्तव्य र अधिकारको बोध मिडियाले नै गर्ने हो। लोकतन्त्रमा सही सूचना पाउनु पनि नागरिकको अधिकार हो।

सही सूचना नै सञ्चार माध्यमको प्रमुख व्यापार हो। सेवा भनिए पनि सञ्चार माध्यमले बिक्री गर्ने त्यही सूचना हो। नागरिकहरू सूचनाका उपभोक्ता हुन्। सूचना खरिद गरेर नागरिकहरू लाभान्वित हुन्छन्। सूचना बेचेर सञ्चार माध्यम चल्छन्। विधाअनुसार पैसा तिर्ने तरिका र माध्यम फरक हुन सक्छन्। त्यसैले मिडियाले दिने सूचना कस्तो हुने, त्यसले समाजमा पार्ने प्रभाव वा असर कस्तो हुन सोच्न जरुरी छ।

अन्त्यमा मानिसको उत्सुकता, कौतुहल मेटाउने काम मिडियाले गर्ने गर्दछ। त्यसैले वास्तविक वा सत्यता, सन्तुलन र विश्वसनीयता सञ्चार माध्यम वा मिडियाका मूल मन्त्र र मान्यता हुन्। सञ्चार माध्यमले आफूले सम्प्रेषण गरेका समाचारलाई यिनै तीनवटा आधारमा विश्लेषण गर्न सक्नुपर्दछ। कुनै पनि सूचना वा समाचारमा तथ्य बङ्ग्याइएको छ वा समावेश गरिएको छैन भने त्यो समाचार नभएर विचार हुन जान्छ। त्यसैले सञ्चार माध्यमबाट प्रसारित सूचनालाई असल सञ्चारकर्मीले आफ्नो धर्म, कर्तव्य, दायित्व र मर्मलाई ध्यान दिएमा मिडियाको गरिमा बढ्न जान्छ। पत्रकारिताबाट समाजलाई सही मार्गमा लैजान सकिने, कुरीति, कुसंस्कार हट्ने, सेवा प्रवाहमा सुशासन र पारदर्शिता कायम भई भ्रष्टाचार नियन्त्रण हुने देखिन्छ। पत्रकारिताको खबरदारीबाटै आर्थिक सामाजिक रूपान्तरण भई समुन्नत समाजबाट समृद्ध नेपाल सुखी नेपाल हुनेमा विश्वास गर्न सकिन्छ।

लेखक बाणगङ्गा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन्। राटोपाटीबाट

**सूचना सूचना सूचना**

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर प्रदेश नं. १**